# *एक पैसा* कथामा सीमान्तीयता
# Subalternity in *Ek Paisa* Story

त्रिभुवन बरई [1]

[1]उपप्राध्यापक
त्रिभुवन विश्वविद्यालय
भैरहवा बहुमुखी क्याम्पस
भैरहवा, नेपाल
**Email:**
tribhuvan.barai@bmc.tu.edu.np

प्रकाशन : २०८१ जेठ
Publish: 2024 May
Doi:
https://doi.org/10.3126/bns.v27i1.66447

This is an open access article distributed under the terms and conditions of the Creative Commons Attribution (CC BY NC)
https://creativecommons.org/licenses/by/4.0
© 2024 by the author

**Journal**
**विकासको निम्ति शिक्षा**
**Bikashko Nimti Shiksha**
**ISSN:** 2616-0188 (Print)
3021-954X (Online)
**website:**
https://www.nepjol.info/index.php/bns
**Published By**
Research Centre for Educational Innovation and Development (CERID)
http://cerid.tu.edu.np

**लेखसार**

समतामूलक समाज स्थापनाको अवधारणा र सीमान्त समुदायको केन्द्रीयतामा आधारित साहित्यिक कृतिको मूल्याङ्कन गर्ने सैद्धान्तिक पर्याधार नै सीमान्तीयता हो। यसै सिद्धान्तका आधारमा भवानी भिक्षुको 'एक पैसा' कथाको विश्लेषण यस लेखमा गरिएको छ। सोद्देश्यमूलक नमुना छनोट विधिका आधारमा यस अध्ययनका निम्ति प्रस्तुत कथाको छनोट गरिएको छ। सीमान्तीय अध्ययनको सैद्धान्तिक पर्याधार, प्राथमिक एवम् द्वितीयक स्तरको सामग्री एवम् गुणात्मक र पाठविश्लेषणात्मक अनुसन्धान पद्धतिको उपयोग गरी यस लेखलाई पूर्ण बनाइएको छ। सीमान्त पात्र पहिचानका अभिलक्षणहरूको लैङ्गिकता, जातीयता, वर्गीयता एवम् पारिवारिक, सामाजिक र आर्थिक अवस्था, सीमान्त पात्रको प्रतिनिधित्वको सक्रिय र विश्वसनीय अवस्था, विचारधारा एवम् परिणामगत कमजोर अवस्था तथा अभिव्यक्तिगत अवस्थाको सीमान्त पात्रीय र लेखकीय अभिव्यक्तिका आधारमा उक्त कथाको मूल्याङ्कन गरिएको छ। सीमान्त समुदायलाई मानवअधिकारका साथ जीवनयापन गर्ने सामाजिक वातावरण बनाउँदा र मान्छेले परसेवायुक्त आचरण र व्यवहार अपनाउँदा मात्र मानवीय श्रेष्ठता कायम भई लोकमङ्गल हुने सचेतनासम्बन्धी विचारको सञ्चार कथामा भएको छ। यस्तो जनहितकारी विमर्शलाई प्रभावान्वितिपूर्ण ढङ्गले पाठकसमक्ष पुऱ्याउने विशिष्ट सिर्जनात्मक सामर्थ्य यस कथामा छ। मानव जीवनको गरिमा, श्रेष्ठता र सार्थकता सिद्ध गर्ने कार्यमा सघाउने एवम् यस्तो विमर्श व्यक्त गर्ने यो अध्ययन शैक्षणिक प्रयोजनका दृष्टिले औचित्यपूर्ण रहेको छ। यसबाट साहित्यकारलाई सीमान्त समुदायको केन्द्रीयतामा साहित्यिक कृतिको रचना, समालोचक र अध्येतालाई सीमान्तीयताको सिद्धान्तका आधारमा साहित्यिक कृतिको अध्ययन एवम् पाठकलाई समतामूलक समाजको स्थापना र लोककल्याणको अवधारणाअनुसारको आचरण र व्यवहार अपनाउन मद्दत पुऱ्याउने अपेक्षा गरिएको छ।

***शब्दकुञ्जी*** : पहिचान, प्रतिनिधित्व, विचारधारा, सीमान्तीयता

**How to cite this article (APA)**

**English :** Barai, T. (2024). Subalternity in *ek paisa* Story. *Bikashko Nimti, Shiksha. 27*(1), 49-64. https://doi.org/10.3126/bns.v27i1.66447

**नेपाली :** बरई, त्रिभुवन (२०८१), *एक पैसा* कथामा सीमान्तीयता, *विकासको निम्ति शिक्षा,* *२७*(१), ४९-६४। https://doi.org/10.3126/bns.v27i1.66447

**Abstract**

Subaltern studies is the theoretical basis for evaluating literary works based on the concept of establishing an egalitarian society and the centrality of marginal communities. Based on this theory, Bhavani Bhikshu's story 'Ek Paisa' is analyzed in this article. The story presented for this study has been selected based on the objective sample selection method. This article has been completed using the theoretical basis of subaltern studies, primary and secondary level materials, and qualitative and textual analytical research methods.The story has been evaluated on the basis of gender, ethnicity, class and family, social and economic status of the characteristics of marginal character identity, active and reliable condition of representation of marginal characters, ideological and consequently weak conditions and marginal character and authorial expression. The study communicates the idea of awareness that only when the marginal communites in a social environment live with human rights, and when people adopt altruistic behavior, human superiority will be maintained and the people will be happy. This study has a unique creative ability to convey such public interest discussion to the readers in an justified from the point of view of educational purposes, which helps in proving the dignity, excellence and meaningfulness of human life writers are expected to create literary works based on subaltern theory and the readers are expected to help adopt behavior and conduct in accordance with concept of establishing an egalitarian society and public welfare.

***Keywords:*** identity, representation, ideology, subalternity

## परिचय

सत्ता, सम्पत्ति र पहुँचका दृष्टिले किनारीकृत वर्ग र समुदायको केन्द्रीयतामा साहित्यिक कृतिको मूल्यनिरूपण गर्नुपर्ने मान्यताका साथ स्थापित सैद्धान्तिक पर्याधार नै सीमान्तीयता हो । यस अवधारणाले सीमान्त समुदायसँग सम्बद्ध विषयवस्तुको अध्ययनमा विशेष अभिरुचि राख्दछ । यस सिद्धान्तले समतामूलक समाज स्थापनामा जोड दिन्छ । सीमान्त समुदायको पीडादायी जीवनपद्धतिमा आधारित 'एक पैसा' भवानी भिक्षुको एउटा महत्त्वपूर्ण कथात्मक कृति हो । पश्चिमी तराईको कपिलवस्तु जिल्लाको गोटिहवानिवासी भिक्षु मधेसीमूलका नेपाली साहित्यकार हुन् । उनी मूलतः नेपाली साहित्यका क्षेत्रमा कथाकारका रूपमा विशेष प्रसिद्ध छन् । कलात्मक गद्य भाषामा लेखिने लघु आख्यानात्मक साहित्यिक कृति नै कथा हो । यस्तो वैशिष्ट्य वरण गर्ने साहित्यिक विधामा उनले सशक्ततासाथ सिर्जना गरेका छन् । उनका *गुनकेसरी* (२०१७), *मैयाँसाहेब* (२०१७), *आवर्त* (२०२४) र *अवान्तर* (२०३४) कथासङ्ग्रहहरू प्रकाशित छन् । उनले यी चारओटा कथासङ्ग्रहको प्रकाशनका माध्यमबाट नेपाली कथाका क्षेत्रमा आफ्नो ऐतिहासिक पहिचान कायम गरेका छन् । उनको एउटा महत्त्वपूर्ण कथाका रूपमा 'एक पैसा' कथा रहेको छ । अर्थाभावका कारण मातृत्व सङ्कटमा परेको र जतिसुकै प्रयास गर्दा पनि नवजात शिशुको जीवनरक्षा गर्न नसकिएको घटनामा प्रस्तुत कथा आधारित छ । उक्त कथाका माध्यमबाट सीमान्त वर्गीय सुत्केरी महिलाको अत्यन्त कारुणिक र समस्याग्रस्त जीवनपद्धतिको अङ्कन गरिएको छ । अतः मानवीय संवेदनायुक्त विषयमा केन्द्रित उक्त कथाको मूल्य निर्धारण गर्नु आवश्यक देखिन्छ ।

मानवीय संवेदना, लोककल्याण र सीमान्त समुदायसँग सम्बद्ध विषयवस्तुको केन्द्रीयतामा कृतिको गहन ढङ्गले अध्ययन, मनन र चिन्तन गर्ने पद्धतिको विकासमा सहयोगी सिद्ध हुने भएकाले पुस्तकालयीय प्रयोजन र शैक्षणिक दृष्टिले प्रस्तुत अध्ययन औचित्यपूर्ण देखिन्छ। विधातात्त्विक, नारीवादी, मनोविश्लेषणजस्ता आधारमा केही अध्ययन गरिए पनि सीमान्तीयताको केन्द्रीयतामा 'एक पैसा' कथाको शोधपरक अध्ययनको रिक्तता रहेकाले उक्त रिक्तताको परिपूर्तिका निम्ति यो अध्ययन गरिएको हो। सीमान्तीयताका आधारमा 'एक पैसा' कथाको मूल्याङ्कन गर्नु नै यस लेखको प्रमुख प्राज्ञिक समस्या हो। उक्त समस्याको वस्तुपरक ढङ्गले समाधान गर्नु यस लेखको मुख्य उद्देश्य हो। प्रस्तुत कथामा प्रयुक्त सीमान्त पात्र पहिचानका अभिलक्षणहरूको खोजी, सीमान्त पात्रको प्रतिनिधित्वको विश्लेषण एवम् अभिव्यक्तिगत अवस्थाको मूल्याङ्कन गर्नु उद्देश्य रहेकाले अन्य पक्षलाई यस लेखको सीमा मानिएको छ।

## अध्ययन विधि

प्रस्तुत लेखको प्राथमिक स्तरको सामग्रीका रूपमा भवानी भिक्षुको 'एक पैसा' कथा र द्वितीयक सामग्रीका रूपमा सीमान्तीय अध्ययनको सैद्धान्तिक पर्याधार एवम् कृति विश्लेषणका लागि अर्थापनको विधि र ढाँचा निर्धारण गर्न विभिन्न अध्येताद्वारा गरिएका पूर्वअध्ययनहरूलाई उपयोगमा ल्याइएको छ। सोद्देश्य नमुना छनोट विधिको प्रयोगका माध्यमबाट यस लेखको मुख्य सामग्रीको चयन गरिएको छ। उक्त कथाको सीमान्तीयताका कोणबाट सूक्ष्म विश्लेषण गर्नाका लागि गुणात्मक र पाठविश्लेषणात्मक अनुसन्धान पद्धतिको उपयोग गरिएको छ। सीमान्तीयताको सिद्धान्तलाई आधार बनाई बहुसत्यमा विश्वास गर्ने अनुसन्धान पद्धतिको उपयोग गरी मानदण्डअनुसारका सम्बद्ध पाठबाट तथ्य, साक्ष्य र उद्धरण खोजी तिनको व्याख्याविश्लेषण गरी यस लेखलाई पूर्णता दिइएको छ।

## सामग्री विश्लेषणको सैद्धान्तिक पर्याधार

सत्ता, शक्ति र स्रोतमा पहुँच नभएको, सामाजिक, आर्थिक र राजनीतिक दृष्टिले दमनमा परेको, विभिन्न अवसरहरूबाट वञ्चित रहेको एवम् शासित, शोषित, किनारीकृत तथा आवाजविहीन अवस्थामा रहेको वर्ग र समुदायको केन्द्रीयतामा साहित्यिक कृतिको विश्लेषण गर्नुपर्ने मान्यता वरण गर्ने सैद्धान्तिक पर्याधार नै सीमान्तीयता हो। सीमान्तको अवस्था बुझाउने सीमान्तीयताले जातजाति, वर्ग, धर्म, संस्कृति, लिङ्ग, पेसा, क्षेत्र आदि हरेक दृष्टिले दमित, शोषित र उत्पीडित वर्गलाई बुझाउनुका साथै अधीनस्थताका आधारमा समग्र समाज, जनता, राज्यसमेत शक्तिशाली अर्को पक्षबाट सीमान्त अवस्थामा बाँच्न विवश पारिएको अवस्थालाई समेत बोध गराउँछ (श्रेष्ठ, २०६८)। यस विचारलाई अवलम्बन गर्दा कुनै व्यक्ति वा समुदाय मात्र सीमान्त नभई जाति, लिङ्ग, धर्म, भूगोल, क्षेत्र र सिङ्गो राज्य नै सीमान्त हुन सक्ने निष्कर्ष प्राप्त हुन्छ।

सीमान्तीयतालाई एउटा समुदायका रूपमा विकसित गर्ने काम इतिहासका प्राध्यापक तथा वाम बुद्धिजीवी भारतीय नागरिक रञ्जित गुहाले गरेका हुन्। इतिहासकेन्द्री लेखनका माध्यमबाट गति प्राप्त गरेको सीमान्तीय अध्ययनलाई साहित्यिक मोड दिने काम गायत्री चक्रवर्ती स्पिभाकले गरेकी हुन्। 'लिटरेरी रिप्रिजेन्टेसन अफ् दि सबाल्टर्न' र 'क्यान सबाल्टर्न स्पिक ?' (सन् १९८८) लेखका

माध्यमबाट उनले सीमान्तीय अध्ययनलाई साहित्यतर्फ मोडेकी हुन् । उनले सन् २००५ मा वास्तविक सीमान्त वर्गमा महिलाहरू रहेका, उनीहरू हरेक दृष्टिले ठगिएका, पढालेखा सीमान्तहरूले सीमान्त व्यवहारलाई त्यागी सभ्य समाजको भाषा र व्यवहार थाल्ने भएकाले उनीहरूबाट सीमान्त वर्ग र समुदायको प्रतिनिधित्व हुन नसक्ने तर्क पनि व्यक्त गरेकी छन् । यसैगरी उनले सन् २००७ मा पूर्वीय महिलाहरूलाई अतिरिक्त श्रमको वास्तविक सेनाका रूपमा उल्लेख गर्दै नारीहरू समानता, विभिन्न प्रकारका समझ र सामाजिक परिवर्तनका लागि निरन्तर क्रियाशील रहनुपर्ने विचार पनि प्रस्तुत गरेकी छन् । त्यसैगरी समाजमा छोरीलाई क्षमा, भय, लाज, सहनशीलता, समर्पण, सहिष्णुता, नमनीयताजस्ता स्वभाव वरण गर्न प्रेरित गरिन्छ (भसिन, सन् २०००, पृ. ६) । इतिहास लेखनबाट साहित्य, कला र समाजशास्त्रीय अध्ययनका क्षेत्रमा समेत विस्तारित हुन पुगेको सीमान्तीय अध्ययनले शक्ति र सत्ताको दुरुपयोगका कारण सीमान्त वर्ग सधैं अधीनस्थ र उत्पीडित बन्ने मान्यता व्यक्त गरेको पाइन्छ (श्रेष्ठ, २०६८, पृ. ३७) । सीमान्तीय अध्ययनका समर्थक एडवार्ड सइदले बौद्धिक वर्गको दायित्व र भूमिका अन्यायका विरुद्धमा उभिनुपर्ने र अधिकारबाट पाखा पारिएका वर्ग र समुदायको पक्षमा वकालत गर्नुपर्ने तथा सम्भ्रान्तको सेवा नभई सीमान्त वर्गको पक्षमा आवाज उठाउनुपर्ने र दमनकारी संरचनाका विरुद्ध हस्तक्षेप गर्नुपर्ने विचार व्यक्त गरेका छन् (श्रेष्ठ, २०६८, पृ.३८ मा उद्धृत) । फुकोले सांस्कृतिक अध्ययनलाई गरिब, उत्पीडित र अभागीहरूको अध्ययन गर्ने विषयका रूपमा उल्लेख (सुवेदी, २०७६, पृ.१२८) गरेझैं सीमान्तीय अध्ययनले पनि सोही वर्गको अध्ययनलाई .सर्वोपरि महत्त्व दिन्छ । उल्लिखित अभिमतलाई अवलम्बन गर्दा बुद्धिजीवी वर्ग सीमान्त समुदायको पक्षमा तथा सीमान्त समुदायलाई अधीनस्थ बनाउने प्रभुत्व वर्गको विपक्षमा प्रस्तुत भई समतामूलक समाजको स्थापनामा सहयोगी बन्नुपर्ने मान्यतालाई सीमान्तीय अध्ययनले वरण गरेको देखिन्छ ।

सीमान्तीय अध्ययन पद्धतिबाट साहित्यिक कृतिको मूल्याङ्कन गर्नाका लागि समालोचकहरूले बहुलवादी पद्धतिहरूको अवलम्बन गरेका छन् । शर्मा (२०७०) ले सीमान्तीय अध्ययनका कोणबाट साहित्यिक कृतिको विश्लेषण गर्दा कृतिमा सीमान्त पात्रको उपस्थिति र अवस्था, तल्लो दर्जाको रूपमा रहेका सीमान्त पात्रहरूको सूची निर्धारण, सूचीबद्ध पात्रहरूको सीमान्तसूचक चारित्रिक अभिलक्षण, कृतिमा निहित ती पात्रहरूको भूमिका, सीमान्त पात्रहरूको अभिव्यक्तिगत अवस्था, कृतिमा उनीहरूको स्वतन्त्र, स्वाधीन र विद्रोह गर्न सक्ने अवस्था, लेखक सत्ताबाट प्रभावित भएनभएको मूल्याङ्कन, सीमान्त चेतनाको प्रतिनिधित्व भएनभएको परीक्षण, कृतिले सीमान्त वर्गको सामर्थ्य र सम्भाव्यता देखाएनदेखाएको कुराजस्ता पक्षमा विशेष ध्यान पुऱ्याउनुपर्ने सुझाव प्रस्तुत गरेका छन् (पृ. ३२२-३२३) । यसैगरी श्रेष्ठ (२०६८) ले साहित्यिक कृतिको प्रतिनिधित्व र अप्रतिनिधित्व, संरचनामा सीमान्त वर्गको उपस्थिति वा अनुपस्थितिको अवस्थालाई आधार बनाई सीमान्तीय अध्ययन गर्न सकिने विचार प्रकट गरेका छन् भने उनले नै शक्ति, सत्ता, दमन, हैकम र शिक्षा प्रणालीजस्ता विविध आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक, क्षेत्रगत अवस्थाका मुद्दाहरूलाई पनि कृतिविश्लेषणको आधार बनाउन सकिने राय व्यक्त गरेका छन् (पृ. २७ र ३९) । यसरी नै अर्का व्यक्ति सुवेदी (२०६८) ले जातीय सीमान्तीयता, लैङ्गिक सीमान्तीयता, परिचयको सीमान्तीयता र कुसङ्केतन सीमान्तीयता गरी चार आधारमा कृतिको सीमान्तीय अध्ययन गर्न

सकिने विचार अभिव्यक्त गरेका छन् (पृ.२०६) भने नेत्र एटम २०७४) ले ओहदा-श्रेष्ठता र लघुत्वको मान्यता, शक्ति-प्रभुत्व र अधीनस्थता, आधिकारिकता-लिखित ज्ञान र मौखिक वा लोकव्यवहार, कार्य-राजनीतिमा क्रियाशीलता, गति र प्रक्रिया, प्रतिनिधित्व-कृतिमा सबाल्टर्नको विचारधारा प्रतिविम्बनको स्थिति, औपनिवेशिकता-सांस्कृतिक दमन, हस्तक्षेप र प्रतिरोध, वैकल्पिक सौन्दर्य शास्त्र-स्थानीयतामा आधारित लघु समूहहरूको पृथक् सौन्दर्यचेतना, मुक्ति-विद्रोही चेतना र अधीनस्थताबाट स्वतन्त्रतातिरको यात्राजस्ता सूचकलाई अवलम्बन गरी साहित्यिक कृतिको विश्लेषण गर्न सकिने अभिमत राखेका छन् (पृ. २४९)। उपर्युक्त मतहरूलाई दृष्टिगत गर्दा कृतिहरूको सीमान्तीय ढङ्गले विश्लेषण गर्दा अवलम्बन गरिने सूचकहरूको आधार प्राप्त हुन्छ ।

सीमान्तीय अध्ययनले सीमान्त विद्यार्थीहरूलाई केन्द्रमा राखी शैक्षणिक कार्यकलाप र गतिविधि अवलम्बन गर्नुपर्ने विषयमा जोड दिन्छ। यस अध्ययनले शिक्षण कार्यलाई सीमान्तमैत्री बनाउनुपर्ने कुरामा विश्वास राख्दछ। परापूर्वदेखि किनारीकृत गरिएका वर्ग र समुदायका छोराछोरीलाई उचित प्रकारको शिक्षा दिई उनीहरूको जीवनस्तरमा सुधार ल्याउनुपर्ने अभिमत पनि यस अध्ययनको रहेको छ। शिक्षामा उनीहरूको पहुँच बढाई उनीहरूलाई पारिवारिक, सामाजिक र राजनीतिक तहमा सबल बनाउनुपर्ने अभिमत पनि यस अध्ययनले प्रस्तुत गरेको छ। अतः सीमान्तीयताका यिनै सैद्धान्तिक पर्याधारमा आधारित भई प्रस्तुत लेखलाई पूर्णता प्रदान गरिएको छ ।

## नतिजा र छलफल

प्रस्तुत लेखको पूर्णताका निम्ति निर्मित सैद्धान्तिक पर्याधार र निर्धारित सूचक तथा उक्त सूचकका आधारमा सम्बद्ध पाठको सूक्ष्म अध्ययन गरी तथ्य, साक्ष्य र उद्धरणको खोजी गरिएको छ। उपर्युक्त आधारमा शोध्य कथाको विश्लेषण र नतिजालाई निम्नअनुसार प्रस्तुत गरिएको छ :

### सीमान्त पात्र पहिचानका अभिलक्षणहरू

'एक पैसा' कथामा प्रयुक्त अवर्जन पात्रका सीमान्तसूचक अभिलक्षणहरूलाई निम्नअनुसार अध्ययन गरिएको छ :

#### *लैङ्गिकता*

लैङ्गिकताका दृष्टिले 'एक पैसा' कथाकी प्रमुख नारी पात्र सानुकी आमा महिला चरित्र हुन् । लैङ्गिकताले प्रकृतिप्रदत्त महिला र पुरुषको शारीरिक अवस्थालाई नबुझाई समाज र संस्कृतिद्वारा निर्धारित महिला र पुरुषको अवस्थालाई बोध गराउँछ। महिला र पुरुषको भूमिका, अधिकार र साधनस्रोतमा पहुँच तथा उनीहरूको व्यवहार र मानसिकताको निर्माणमा समाज र संस्कृतिको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ। लैङ्गिकतालाई चिनाउँदै पाण्डे (२०६९) ले यस्तो विचार अभिव्यक्त गरेकी छन् - "महिला र पुरुषको शारीरिक भूमिका तथा विशेषता नभई तिनको सामाजिक-सांस्कृतिक भूमिका र विशेषताको बोध गराउनु नै लैङ्गिकता शब्दको अर्थ हो" (पृ. ३)। लैङ्गिकताले लैङ्गिक विभेद गर्ने आधार निर्धारणको तरिकालाई बोध गराउँछ (पिल्चर एन्ड ह्वेलहन, सन् २००४, पृ. ६)। समाजद्वारा महिला, पुरुष र तेस्रो लिङ्गीका निम्ति निर्धारित भूमिका नै लैङ्गिकता हो (बरई, सन् २०२३, पृ. १७२)। उपर्युक्त विचारलाई वरण गर्दा लैङ्गिकताले समाज र

संस्कृतिद्वारा निर्धारित महिला र पुरुषको भूमिका र हैसियतको अवस्थालाई बोध गराउने सार प्राप्त हुन्छ ।

पितृसत्तात्मक सामाजिक संरचनायुक्त समाजमा लैङ्गिकताका कोणले पुरुषहरू प्रभुत्वशाली र महिलाहरू सीमान्तकृत समुदायमा पर्छन् । नेपाली समाजमा निर्धारित महिला र पुरुषको हैसियत र भूमिकाको निर्धारण पुरुषीय दृष्टिले गरिएको छ, यसमा पुरुषहरू प्रभुत्वशाली र महिलाहरू अधीनस्थ अवस्थामा रहेका छन् । यसै कुराको चित्रण 'एक पैसा' कथामा गरिएको छ । प्रस्तुत कथाकी पात्र सानुकी आमा गर्भवती हुनुमा उनको मात्रै भूमिका छैन, त्यस कार्यमा कुनै पुरुषको पनि भूमिका रहेकै छ । नवजात शिशुको जन्म दिएको अवस्थामा शिशु जन्माउने कुरामा सहकार्य गरेको पुरुषले सानुकी आमालाई सघाउनुपर्नेमा उसको अत्तोपत्तोसमेत पाइँदैन र सुत्केरी महिला एक्लैले सडकपेटीमा दिन गुजार्दै भिक्षाटनका माध्यमबाट आफ्नो सन्तान र आफूलाई जोगाउनुपरेको छ । उक्त कुरालाई प्रस्तुत कथाको "एक पैसा हजुर..... सानुलाई.....हजुर ।' मैलो टालोमा बेह्रिएर एकडेढ महिनाजतिको शिशुलाई औंल्याउँदै जीर्ण सेर्पा आइमाईले भनी । नाउँ मात्रै भएको साँगुरो फुटपाथको पुछारमा बसेर पूर्वपट्जटबाट अलिअलि आएको घाम आफ्नो सानुको लागि ओगटी त्यो बसेकी थिई" (पृ. ८) भन्ने कथांशले प्रस्ट्याएको छ । उसले छोरोसमेत गुमाई चरम मानसिक सन्तापको सामनासमेत गर्नुपरेको छ । महिला भएकै कारण तथा महिलामैत्री सामाजिक संरचना र संस्कृतिको निर्माण नगरिएकाले एउटी महिलाले अभाव, तिरस्कार, पीडा र पुत्रवियोग सहनुपरेको छ । अतः उक्त कथामा सानुकी आमालाई अधीनस्थ अवस्थामा पुऱ्याउने एउटा कारक लैङ्गिकता हो भन्ने कुरा स्पष्ट हुन्छ । कक्षामा शिक्षकले लैङ्गिक दृष्टिले किनारीकृत समुदायलाई दृष्टिगत गरी शिक्षण कार्य सम्पन्न गर्नुपर्छ । यसो गर्दा शैक्षणिक कार्यकलापमा किनारीकृत विद्यार्थीहरूको संलग्नता र क्रियाशीलतामा अभिवृद्धि हुन्छ । परिणामस्वरूप शिक्षाको लोककल्याणकारी लक्ष्य पनि पूरा हुन्छ ।

### *जातीयता*

अधीनस्थ जातिगत विशेषता वहन गर्नु 'एक पैसा' कथाकी सानुकी आमाको अर्को सीमान्तसूचक अभिलक्षण हो । मूलधारको जाति अर्थात् प्रभुत्वशाली जातिले आफूलाई समाजको ठुलो र शासक जातिको हैसियतमा पुऱ्याउने सामाजिक र सांस्कृतिक संरचनाको विकास गर्न खोजेको हुन्छ भने अन्य जातिलाई आफ्नो हितमा प्रयोग गर्न सक्ने वा कमजोर अवस्थामा पुऱ्याउने परिस्थितिको सिर्जना गरेको हुन्छ । यस्तो जातीय व्यवस्था भएको समाजमा एकथरीका जातजाति शासन गर्नुका साथै वर्चस्वकारी भूमिकामा आबद्ध हुन्छन् भने अर्काथरीका जातजातिहरू शासित हुँदै अधीनस्थताको अवस्थामा जीवन व्यतीत गरिरहेका हुन्छन् । नेपालमा पनि यस्तो जातीय व्यवस्थाले परम्परित रूपमा काम गर्दै आइरहेको छ । नेपालका शेर्पा जातिहरू प्रभुत्वशाली र वर्चस्वकारी जातिमा नपरी अधीनस्थ र शासित जातिमा पर्छन् । प्रस्तुत कथाकी सीमान्त पात्र सानुकी आमा शेर्पा जातिकी महिला हो । शासित जातिका महिला भएका कारणले पनि उसले त्यस्तो प्रतिकूल परिस्थितिको सामना गर्नुपरेको छ । भाषा सिकाइमा पनि जातिगत दृष्टिले समाजका किनारीकृत समुदायलाई दृष्टिगत गरी शिक्षण कार्य सम्पन्न गर्ने रणनीति बनाउनुपर्छ । शिक्षकको यस्तो रणनीतियुक्त

अध्यापनले जातिगत दृष्टिले किनारीकृत अवस्थामा रहेका वर्ग र समुदायका बालबालिका पनि शिक्षाको मूलधारमा आउने र उत्साहित भएर शिक्षाआर्जन गर्ने सम्भावना बढ्दछ ।

### *वर्गीयता*

'एक पैसा' कथाकी सानुकी आमा गरिब, निम्न र शासित वर्गीय पात्र हो । व्यक्तिको गुण, स्तर वा अवस्थाका आधारमा धनी र गरिब, उच्च र निम्न, शासक र शासित वर्गजस्ता अवस्थाको सिर्जना गर्नु नै वर्गीयता हो । आर्थिक वितरणका आधारमा कुनै वर्ग र समुदाय सम्पन्न देखिन्छन् भने कुनै वर्ग र समुदाय विपन्न देखिन्छन् । यसैगरी प्रभाव र गुणका आधारमा कुनै वर्ग उच्च र कुनै वर्ग निम्न हुन्छन् । सत्ता र शासनका आधारमा कोही शासक र प्रभुत्वशाली वर्गको भूमिकामा आबद्ध हुन्छन् भने कोही शासित र अधीनस्थ वर्गीय भूमिका वरण गर्न बाध्य हुन्छन् । सानुकी आमामा गरिब, निम्न, शासित र अधीनस्थ वर्गीय पात्रका अभिलक्षण निहित छन् । यस कुरालाई तलको कथांशद्वारा थप पुष्टि गरिएको छ :

> 'एक पैसा हजूर....सानुलाई मनभोग ....हजुर ।' मैलो टालोमा बेह्रिएको एक-डेढ महिनाजतिको शिशुलाई औंल्याउँदै जीर्ण शेर्पा आइमाईले भनी । नाउँ मात्रै भएको फुटपाथको पुछारमा बसेर पूर्वपट्टिबाट अलिअलि आएको घाम आफ्नो सानुको लागि ओगटी त्यो बसेकी थिई । मैलो अनुहार, प्रसूति-क्लान्त जीउ बच्चा जन्माएर संसारकै अपकार गरेकी झैं आँखाको दीनहीन दृष्टिसाथ खुम्चिँदै, तर्सिंदै, कामेको झन्नै अपराधीजस्तै सुर थियो त्यस सानुकी आमाको । (पृ. ८)

एक डेढ महिनाको बच्चासहित फुटपाथको छेउमा बसी आफ्नो बालकको जीवन रक्षाका लागि भिक्षा माग्नु, मैलो अनुहार, क्लान्त जिउका अत्यन्त दयनीय, कारुणिक र मर्मस्पर्शी ढङ्गले भयभीत र त्रसित हुँदै सानुकी आमाले आर्थिक सहयोगको याचना गर्नुजस्ता घटनावलीको अङ्कनका माध्यमबाट उसलाई नेपाली समाजमा गरिब, निम्न, शासित, शोषित र अधीनस्थ वर्गको रूपमा सीमित गरिएको कुरा उल्लिखित कथांशले प्रस्ट्याएको छ । अतः सानुकी आमा सीमान्त पात्र भएको कुरा स्पष्ट हुन्छ । शिक्षकले भाषा सिकाइ गर्दा वर्गीयताका दृष्टिले समाजमा किनारा लगाइएका वर्ग र समुदायका छोराछोरीलाई दृष्टिगत गरी शिक्षण कार्य सम्पन्न गर्नुपर्छ । यस्तो शिक्षणबाट सीमान्त समुदायका बालबालिकाहरूको ध्यान पढाइप्रति केन्द्रित हुन्छ; उनीहरूमा भाषिक सिप बौद्धिकता र सचेतताको विकास हुन्छ । यसबाट उनीहरूको जीवनस्तरमा सुधार हुन्छ र समतामूलक समाजको स्थापनामा टेवा पुग्दछ ।

### *पारिवारिक, सामाजिक र आर्थिक अवस्था*

'एक पैसा' कथाकी केन्द्रीय पात्र सानुकी आमाको पारिवारिक, सामाजिक र आर्थिक अवस्था दयनीय र प्रतिकूल देखिन्छ । आफ्नो परिवारमा बसी प्रशस्त हेरचाहका साथ आफ्नो नवजात शिशुको लालनपालन गर्नुपर्नेमा फुटपाथको पेटीमा बसी अत्यन्त दयनीय, अभावमय र पीडादायी जीवनपद्धति बिताउन विवश भएकी सानुकी आमाको पारिवारिक संरचनाको बारेमा उक्त कथामा वर्णन गरिएको छैन । सानु र सानुकी आमाको मात्र उल्लेख देखिएको उसको परिवारको पुरुषपात्र जसले उनलाई

गर्भवती बनाई आमा बन्ने कुरामा सहयोगी बनेको छ, त्यो पुरुषपात्रको उपस्थितिसमेत यस कथामा पाइँदैन । कथाको विवरणअनुसार सानुकी आमाले नै पारिवारिक दायित्व पूरा गर्नुपरेको छ र उसको सामाजिक अवस्था पनि एकदम कमजोर देखिन्छ । समाजका अगाडि दैनिक जीवन गुजार्नाका निम्ति एकदमै त्रसित, भयभीत र दीनहीन भावले भिक्षा माग्नुले ऊनी समाजमा किनारामा पुऱ्याइएको एवम् उपेक्षा गरिएको वर्ग र समुदायका रूपमा आएको कुरा स्पष्ट हुन्छ । न्यानो कोठामा बसी अत्यन्त सावधानीपूर्वकको रेखदेखमा आफ्नो सुत्केरी अवस्था बिताउनुपर्नेमा सानुकी आमा आफ्नो बच्चालाई फुटपाथको छेउमा प्रशस्त चुनौतीको सामना गर्दै बच्चाको एक छाक टार्नाका लागि भिक्षा माग्ने घटनावलीले उसको आर्थिक अवस्था एकदमै कमजोर रहेको हुन्छ । आवश्यक मात्रामा सहयोग प्राप्त गर्न नसकी उसको सन्तानको ज्यानसमेत गएको छ र ऊ पुत्रवियोगको पीडा सहन बाध्य भएकी छ, जस्तै "उसको उत्तर थियो-सानुले मलाई छोडेर गयो । खानै नपाएर मऱ्यो हजूर, खानै नपाएर मऱ्यो । जति गरे पनि दूध आएन । सानु, मेरो, भोकभोकै सुकेर गयो"(पृ. ११) । यस कथांशले उल्लेख गरेअनुसार सानु खान नपाई मरेको, सानुकी आमाको स्तनमा दुध आउन नसकेको तथा सानु सुकेर मरेको कुराको प्रस्तुतिका माध्यमबाट त्यस महिलाको आर्थिक अवस्था अत्यन्त दयनीय रहेको, विपन्नताका कारण उसले आर्थिक सहयोग मागे पनि समाजबाट प्राप्त सहयोग अपर्याप्त भएको देखिन्छ । तसर्थ सानुकी आमाको पारिवारिक, सामाजिक र आर्थिक अवस्था अत्यन्त दयनीय र प्रतिकूल रहेको कुरा सिद्ध हुन्छ ।

## सीमान्त पात्रको प्रतिनिधित्व

कुनै व्यक्तिको सट्टामा काम गर्न तोकिएको व्यक्ति तथा अरूका कामका लागि अभिभारा अथवा जिम्मेवारीलाई प्रतिनिधित्व शब्दले बोध गराउँछ । सांस्कृतिक सन्दर्भमा कुनै वर्ग, लिङ्ग, जाति, राष्ट्रियताको उपस्थिति साहित्यमा कसरी भएको छ भन्ने कुराको खोजीलाई प्रतिनिधित्व भनिन्छ ( भट्टराई, २०७०, पृ. ३३६) । साहित्यमा पनि विभिन्न पात्र, घटना, कार्यव्यापार, परिवेश, सन्दर्भ, विचारधारा आदिका माध्यमबाट विभिन्न वर्ग, समुदाय, जातजाति धर्म, क्षेत्र, संस्कृति, लिङ्ग, विचार आदिको प्रतिनिधित्व गराइएको हुन्छ । 'एक पैसा' कथामा चित्रित सीमान्त पात्रको प्रतिनिधित्वको अवस्थालाई निम्नलिखित उपशीर्षकमा अध्ययन गरिएको छ :

### *सक्रिय अवस्था*

'एक पैसा' कथाको कथानक योजना, पात्रविधान, दृष्टिविन्दु र सारवस्तुको निर्मितिमा सानुकी आमालाई केन्द्रीयता प्रदान गरी उसको सक्रिय अवस्थाको प्रस्तुतीकरण गरिएको छ। उसकै जीवनका कारुणिक र अभावमय कथाव्यथामा आधारित रहेको प्रस्तुत कथाको कथानकले सानुकी आमाकै केन्द्रीयतामा पूर्णता प्राप्त गरेको छ। यसैगरी यस कथाको अर्को पक्ष पात्रविधान हो, जसमा मूलतः सानु, सानुकी आमा र 'म' पात्र छन् । यसरी भूमिकाका आधारमा सानु गौण र 'म' सहायक पात्रको भूमिकामा सीमित छन् । भूमिकाका आधारमा प्रमुख, लिङ्गका आधारमा महिला, प्रवृत्तिका आधारमा अनुकूल, आसन्नताका आधारमा मञ्चीय, आबद्धताका आधारमा बद्ध, जीवनचेतनाका आधारमा वर्गगतजस्ता चारित्रिक विशेषतायुक्त सानुकी आमाकै केन्द्रीयतामा यस कथाको पात्रविधान परिपाकमा पुगेको छ ।

आन्तरिक परिधीय दृष्टिविन्दुप्रयुक्त 'एक पैसा' कथाको दृष्टिविन्दुपात्रको भूमिकामा सानुकी आमालाई आबद्ध गरिएको छ। यस्तो दृष्टिविन्दुमा मुख्य कथाको केन्द्र अर्कै पात्र हुने र 'म' पात्रले त्यस मुख्य पात्रको कथालाई प्रस्तुत गर्ने माध्यम पात्रको मात्र भूमिका वहन गरेको हुन्छ (श्रेष्ठ, २०६६, पृ. ३०)। यस विचारलाई समेत दृष्टिगत गर्दा प्रस्तुत कथामा 'म' पात्र केवल समाख्याता र कथाको दृष्टिविन्दुपात्रको भूमिकामा सानुकी आमालाई आबद्ध गरिएको स्पष्ट हुन्छ। अतः समाख्याताको भूमिकाका आधारमा प्रस्तुत कथामा आन्तरिक परिधीय दृष्टिविन्दुको प्रयोग गरिएको छ, जसको बाहकका रूपमा सानुकी आमालाई प्रस्तुत गरिएको छ। यसरी नै प्रस्तुत कथाको सारवस्तु प्रस्तुतीकरण र बोधको माध्यम पात्रको भूमिका पनि सानुकी आमालाई प्रदान गरिएको छ। पारिवारिक, सामाजिक र आर्थिक अवस्था कमजोर भएको र राज्य सीमान्तीकृत वर्गप्रति उदासीन देखिएको अवस्थामा सीमान्त वर्गका महिलाहरूले भोग्नुपरेका अभावमय, तिरस्कारपूर्ण, कारुणिक, दयनीय र सङ्घर्षपूर्ण जीवनपद्धति तथा जीवनका कथाव्यथासहितको सारवस्तु पाठकसमक्ष प्रस्तत गर्न लेखकले सानुकी आमालाई माध्यम बनाएका छन्। त्यस्तै पाठकले पनि प्रस्तुत कथाको सारवस्तु बोध गर्नाका लागि सानुकी आमाकै चरित्रचित्रणलाई मुख्य आधार बनाउनुपर्ने देखिन्छ। यस कुरालाई तलको कथांशका माध्यमबाट थप प्रस्टयाइएको छ :

> मलाई लाजिम्पाटतिर जानु थियो। लैनभित्र र लाजिम्पाटतिर जाने दोबाटोको बायाँपट्टिको पेटीको कुनामा बसेकी त्यस सानुकी आमाको ममतालु पछ्यौरीबाट त्यस मागले सुर पाएको थियो, 'एक पैसा हजूर....सानुलाई म....न..भोग ....।' माग्ने जस्तो स्वर पनि त्यत्तिको लोभलाग्दो किसिमले पवित्र हुन सक्छ भन्ने अनुभूतिले मेरा खुट्टा अडे। 'दिन्छ कि' सम्भवतः उसले आफ्नो याचना पुनः दोहोऱ्याउन खोजेकी होली तर मेरो उपस्थिति उसको साहसभन्दा गह्रौं भएरै होला उसको मुखले बोली पाएन। एक पल्ट मतिर हेरेर ऊ आफ्नो सानुतिर हेर्न थाली। शिशुका दुवै पातला, नरम ओठ चलमलाइरहेका थिए। ती अवश्यमेव तुरुन्तै छुटेको वा छुटाइएको मातृस्तनको खोजीमा थिए। (पृ. ८)

'एक पैसा' कथाको उल्लिखित गद्यांशले प्रस्तुत कथाको कथानकको केन्द्रमा सानुकी आमालाई आबद्ध गरिएको कुरालाई समेत स्पस्ट्याएको छ। 'म' पात्रले केवल समाख्याताको भूमिकामा सीमित रही सीमान्त पात्र सानुकी आमाको जीवनका कथा प्रस्तुत गर्ने कार्यमा केन्द्रित रहेको छ भने उसकै माध्यमबाट सीमान्त वर्ग र समुदायको जीवनपद्धतिलाई पाठकसमक्ष पुऱ्याएको छ। यसर्थ प्रस्तुत कथामा सीमान्त पात्रको सक्रिय अवस्थाको प्रतिनिधित्व गराइएको कुरा प्रस्ट हुन्छ। उपर्युक्त तथ्यबाट भाषा शिक्षण सिकाइका कार्यकलाप र गतिविधिहरूमा सीमान्त विद्यार्थीहरूको सक्रिय प्रतिनिधित्व गराई शिक्षण कार्यलाई सीमान्तमैत्री बनाउनुपर्ने निष्कर्ष प्राप्त हुन्छ।

## *विश्वसनीय अवस्था*

नेपाली समाजमा आर्थिक विपन्नताबाट प्रताडित सीमान्त महिलाका कारुणिक, अभावमय, पीडादायी र प्रतिकूल जीवनपद्धतिको अङ्कन सामाजिक यथार्थवादी ढाँचामा प्रस्तुत गर्ने कार्य 'एक पैसा' कथामा गरिएको छ। कुनै वस्तु, घटना वा अनुभवको चित्रण वास्तविक रूपमा गर्ने कार्य नै यथार्थवाद हो (रामप्रकाश, सन् १९९४, पृ. ११६)। कुनै पनि महिला आफ्नो मातृत्वको रक्षाका लागि

जस्तोसुकै निम्नभन्दा निम्न स्तरको काम गर्न पछि पर्दैनन्, आफूलाई हीन वा तल्लो बनाएर पनि आफ्नो सन्तानको रक्षा गर्न चाहन्छन्; सन्तानको रक्षाका लागि सक्दो प्रयास गर्छन् । यो प्रवृत्ति सानुकी आमामा पनि पाइन्छ । 'म' पात्रले सानुकी आमालाई एक पैसा दिनुभन्दा पहिला उसका बारेमा गरेको तर्क र टिप्पणी पनि यथार्थ नै देखिन्छ । कथामा वर्णित कुनै पनि घटना र कार्यव्यापार अविश्वसनीय देखिँदैनन् । राम्रो स्याहार तथा खानपानको व्यवस्थापनको अभावमा बालबालिकाको मृत्यु हुनु पनि स्वाभाविक नै देखिन्छ । तसर्थ प्रस्तुत कथामा सीमान्त पात्र र त्यससँग सम्बन्धित विषयको विश्वसनीय ढङ्गले प्रतिनिधित्व गराइएको छ ।

### *विचारधारा*

'एक पैसा' कथामा अनुरोधात्मक, विन्तीमूलक, कृपामुखी र अप्रतिरोधी विचारधाराको प्रतिनिधित्व गराइएको छ । कुनै विषय वा समस्यामा विभिन्न समयमा भएको विचारको शृङ्खला तथा निरन्तर भइरहेको चिन्तनलाई विचारधारा भनिन्छ । प्रत्येक साहित्यकार एक वर्गविशेषको विचारलाई अवलम्बन गरी तत्कालीन जीवनजगत्को परिस्थितिलाई बोध गर्ने प्रयास गर्छ (ग्रेवाल, २०७६, पृ. २५०) । विचारधाराकै माध्यमले मान्छेले आफूलाई बुझ्नुका साथै आफ्नो कार्यको दिशासमेत पहिल्याउने गर्छ (गौतम, २०७५, पृ. ४५) । पुँजीपतिहरूले मौजुदा आर्थिक संरचनालाई जोगाउनुपर्ने विचारधारा र सीमान्त वर्गले आफ्नो वर्गको हितमा काम गर्नुपर्ने विचारधाराबाट अभिप्रेरित भइरहेको कुराको उद्घोष कार्ल मार्क्सले गरेका छन् (एटम, २०७४, पृ. २१४ मा उद्धृत) । यस विचारलाई अवलम्बन गर्दा पुँजीपतिहरू प्रभुत्वशाली विचारबाट अभिप्रेरित हुने र सीमान्तहरू वर्गीय मुक्तिका लागि प्रतिरोधी विचारधाराबाट प्रवाहित हुने अभिमत प्राप्त गर्न सकिन्छ । यसैगरी बेलायती संस्कृतिका चिन्तक आल्थुसरले विचारधारालाई प्रतिनिधित्वको व्यवस्था मान्दै यसको निर्माणमा वर्ग, वर्गीय विचार, आर्थिक सम्बन्ध, विमर्श (डिस्कोर्स) आदिले भूमिका वहन गर्ने कुराको समेत उल्लेख गरेका छन् (पाण्डेय, २०७३, पृ. ६२ मा उद्धृत) । यिनको विचारलाई आत्मसात् गर्दा विचारधाराले एकातिर प्रतिनिधित्व व्यवस्थाको काम गर्ने र अर्कोतिर यसको निर्माणमा वर्ग, वर्गीय विचार, आर्थिक सम्बन्ध, विमर्शजस्ता तत्त्वहरूले भूमिका वरण गर्ने कुरा प्राप्त हुन्छ ।

'एक पैसा' कथाकी प्रमुख नारीपात्र सानुकी आमा सीमान्त वर्ग र समुदायका विचारधाराको प्रतिनिधित्व गरेकी छन् । उनका अनुसार आर्थिक सहयोग गर्न सक्ने हैसियत र सामर्थ्य भएका व्यक्तिहरूले दीनहीन, अशक्त तथा कमजोरहरूलाई सहयोग गर्नुपर्छ; आफू पनि बाँच्नुपर्छ र अरूलाई पनि बचाउनुपर्छ । यस कुरालाई अझ स्पष्ट पार्न खोज्दा उसको विचारधारा प्रतिरोधी नभई अनुरोधात्मक, विन्तीमूलक र कृपामुखी देखिन्छ । सानुकी आमाले यस्तो विचारधाराको निर्माण गर्नुमा उनको शारीरिक, पारिवारिक, सामाजिक, आर्थिक एवम् राजनीतिक अवस्था र परिस्थितिले काम गरेको देखिन्छ । यसबाट लेखकले भिक्षा मागेर जीवनयापन गर्ने सीमान्तहरूको विचारधारालाई पाठकसमक्ष पुऱ्याउन खोजेका छन् । यसैगरी प्रस्तुत कथाको समाख्याता 'म' पात्रले सानुकी आमालाई बच्चाको नामबाट नभई आफ्नो नामबाट आर्थिक सहयोग माग्नुपर्ने विचारधाराको निर्माण गर्दा त्यसलाई प्रभुत्वशाली ढङ्गले स्वीकार नगरी बच्चाकै कारणबाट आफूले भिक्षा माग्न बाध्य भएको एवम् आफू सुत्केरी हुँदाको अवस्थामा पौष्टिक तत्त्वयुक्त खाद्यवस्तु खान नपाएकीले स्तनमा

दुध आउन नसकेको जस्ता कुराहरू गर्दै सहमतीय आधारमा आत्मसात् गरेको देखिन्छ। सानुकी आमाले निर्माण गरेकी एक डेढ महिने शिशु सानुले मोहनभोग (हलुवा) खाने गरेको विचारधारालाई 'म' पात्रले वार्ता, तर्क तथा मानसिक प्रतिक्रियाका माध्यमबाट सहमतीय ढङ्गले स्वीकार गरेको पाइन्छ। यसबाट प्रस्तुत कथामा सीमान्त वर्गको प्रतिरोधी र विद्रोही विचारधाराको नभई अनुरोधात्मक, विन्तीमूलक, कृपामुखी र अप्रतिरोधी विचारधाराको प्रतिनिधित्व गराइएको कुरा प्रस्ट हुन्छ।

### *परिणामगत कमजोर अवस्था*

घटित घटना र सम्पन्न कार्यव्यापारको परिणामलाई हेर्दा 'एक पैसा' कथाको अन्त्य दुःखमा भएको छ। सन्तानप्रतिको अभिभावकीय दायित्व पूरा गर्ने उद्देश्यले सडकपेटीको सहारा लिँदै आर्थिक सहयोग माग्दासमेत सानुकी आमाले आफ्नो सन्तानलाई बचाउन सकेकी छैन। उसको मातृत्व समाप्त हुन पुगेको छ र तत्कालका लागि मातृत्वको अधिकारबाट वञ्चित भएकी छ। पुत्रवियोगको पीडाबाट उसको जीवन झन् निराश हुन पुगेको छ। तसर्थ प्रस्तुत कथाको परिणामलाई हेर्दा सीमान्त पात्रको कमजोर र दयनीय अवस्थाको प्रतिनिधित्व यस कथामा गराइएको कुरा स्पष्ट हुन्छ। यस विश्लेषणबाट कक्षामा पढाइगत दृष्टिले कमजोर रहेका विद्यार्थीहरूलाई दृष्टिगत गरी विशेष प्रकारको रणनीति र योजना बनाई शिक्षकले आफ्नो अध्यापनकार्यलाई कमजोर विद्यार्थीकेन्द्री बनाउनुपर्ने विषयमा शिक्षकलाई सघाउँछ।

### अभिव्यक्तिगत अवस्था

सीमान्तीय अध्ययनमा सीमान्त पात्रको बोली, सीमान्त पात्रको पक्ष वा विपक्षमा अभिव्यक्त गरिएको लेखकीय तथा अन्य पात्रको अभिव्यक्तिको पनि विशेष ढङ्गले खोजी गरिन्छ। 'एक पैसा' कथामा मुखरित अभिव्यक्तिगत अवस्थालाई निम्नअनुसार अध्ययन गरिएको छ :

### *सीमान्त पात्रीय अभिव्यक्ति*

सानुकी आमाको कारुणिक, निराशायुक्त र विन्तीमूलक अभिव्यक्तिको प्रस्तुतीकरण 'एक पैसा' कथामा गरिएको छ। कुनै पनि साहित्यिक कृतिमा सीमान्त पात्रले आफ्नो वा अरूका विषयमा कसरी बोलेको छ ? उसको बोली विद्रोही र प्रतिरोधी खालको छ वा कारुणिक, मार्मिक, अनुरोधात्मक र विन्तीमूलक छ ? लगायतका पक्षहरूलाई आधार बनाई कृतिको विश्लेषण गर्नुपर्छ। शर्मा (२०७८) ले सीमान्त पात्रले रोएको, कराएको, रिसाएको, मायाको, सुखदुःखको, छटपटाएको र निराश भएको अभिव्यक्तिको खोजी सीमान्तीय अध्ययनमा गर्नुपर्ने विचार प्रस्तुत गरेका छन् (पृ. १०२)। यस विचारलाई आत्मसात् गर्दा कृतिमा सीमान्त पात्र विद्रोही र प्रतिरोधी भएको, कारुणिक अवस्था देखाएको, मायाको कुरा उठाएको, अत्यधिक पीडित र दुःखी भएको जस्ता पक्षहरूको खोजी गरी उसको अभिव्यक्तिगत अवस्था पत्ता लगाउनुपर्ने सार प्राप्त हुन्छ।

'एक पैसा' कथाकी सीमान्त पात्र सानुकी आमाको बोलीमा विद्रोही र प्रतिरोधी विशेषता पाइँदैन। फुटपाथमा बसी मातृत्वको रक्षार्थ आर्थिक सहयोग मागिरहेकी उसले मधुरो र नरम स्वरमा अनुनयविनयपूर्वक अनुरोधात्मक, विन्तीमूलक र कृपामुखी विशेषतायुक्त भाषाको प्रयोग गरेकी छ।

उसको बोलीमा पीडा र अभावले छटपटिएको अवस्थाको चित्रण पाइन्छ। त्यति कम उमेरको बच्चाले मोहनभोग खान नसक्ने कुरा समाख्याताले गरिरहँदाको अवस्थामा उसको मुखबाट यस्तो अभिव्यक्ति व्यक्त हुन पुग्दछ :

मजासित खान्छ हजूर, कति पटक ख्वाएकी छु। थुनमा दूध आउँदैन, सुत्केरी हुँदा खानुपर्ने मसला, औषधी, पुष्टकारी केही खान पाइएन, दूध छँदै छैन। अलिअलि मोहनभोगै खुवाएर यतिन्जेल पालेँ, हुर्काएँ के गरूँ, विचरा ....गरिबको छोरो, ....हजूर के खानु.....यो हुर्कन पाउने हो ....मेरो छोरा।" टीठलाग्दो दृष्टिले उसले सानुलाई हेरी। (पृ. ८-९)

आर्थिक अभावका कारण सीमान्त महिलालाई मातृत्वको रक्षा गर्न गाह्रो भएको, गरिब भएकाले सुत्केरी र नवजात शिशुको स्याहार अत्यन्त अभावमय भएको, दुध मात्र उपभोग गर्नुपर्नेमा नवजात शिशुलाई खाद्यवस्तुसमेत खुवाउन बाध्य हुनुपरेको अवस्थाको उद्घोष सानुकी आमाकै अभिव्यक्तिका माध्यमबाट गरिएको कुरालाई उक्त कथांशले छर्लङ्ग्याएको छ। खान नपाई सानु मरेको अवस्थामा समाख्याताले सानुको हालखबर बुझ्न खोज्दा नवजात शिशु सानुलाई गुमाई मातृत्वको रक्षा गर्न नसकी गहिरो चिन्ता, पीडा र निराशाको सामना गरिरहेकी सानुकी आमाले आँसु बगाउँदै र आवाजसहित रुँदै आफ्नो छोरो मरेको खबर सुनाउँछे। अतः प्रस्तुत कथामा सीमान्त पात्रको अत्यन्त कारुणिक, निराशायुक्त, टिठलाग्दो, भययुक्त, अनुरोधात्मक र विन्तीमूलक अभिव्यक्तिको प्रयोग गरिएको कुरा स्पष्ट हुन्छ। शिक्षण कार्यका प्रत्येक गतिविधि र कार्यकलापमा सीमान्त वर्गीय विद्यार्थीहरूलाई विशेष रणनीतिका साथ सशक्त र सक्रिय ढङ्गले प्रतिनिधित्व गराउनुपर्ने सचेतनाको विकासमा अध्ययन सहयोगी हुन सक्छ।

### *लेखकीय अभिव्यक्ति*

कथाकार भवानी भिक्षुद्वारा अर्थाभावका कारण सीमान्त महिलाहरूले भोग्न बाध्य पीडा, अभाव र चुनौतीलाई विषयवस्तु बनाई 'एक पैसा' कथाको संरचना तयार गरिएको छ। शासक र सत्ताप्रतिको लेखकीय दृष्टिकोण, लेखक सत्ताबाट प्रभावित भएनभएको, लेखक सत्ताबाट शून्य, थोरै वा बढी प्रभावित भएनभएको, लेखक सत्ताको पक्षमा बोलेनबोलेको, लेखक सीमान्त वर्ग र समुदायका पक्षमा उभिएनउभिएको, लेखकले सीमान्त समुदायको समस्या उठान गरेनगरेका जस्ता पक्षहरूलाई सीमान्तीय अध्ययनमा बढी महत्त्व दिइन्छ।

भवानी भिक्षुले सीमान्तकृत नेपाली महिलाहरूका कारुणिक, संवेदनशील र हृदयस्पर्शी जीवनपद्धति र कथाव्यथाको उठान 'एक पैसा' कथामा गरी आफूलाई सीमान्त वर्ग र समुदायको पक्षमा प्रस्तुत गरेका छन्। उनले प्रस्तुत कथाका माध्यमबाट नेपाली समाजमा मानवता, परोपकार र सेवाभावको ह्रासोन्मुख अवस्था रहेको कुराको प्रस्तुति गरेका छन्। काठमाडौँको व्यस्त बजारमा एउटी सुत्केरी महिलाले आफ्नो र आफ्नो बच्चाको जीवनरक्षाका लागि भिखारी भई भिक्षा माग्दाको अवस्थामा समेत पर्याप्त आर्थिक सहयोग प्राप्त गर्न नसक्दा पुत्रवियोगको पीडा सहनुपरेको छ। यस कार्यव्यापारका माध्यमबाट लेखकले एकातिर नेपाली समाजप्रति तिखो व्यङ्ग्य प्रहार गरेको पाइन्छ भने अर्कोतिर अप्रत्यक्ष रूपमा भए पनि तत्कालीन राज्यव्यवस्था सीमान्त वर्ग र समुदायमैत्री नभएको अवस्थाप्रति उनी आलोचनात्मक देखिएका छन्। सीमान्त महिलाको विन्तीमूलक,

अनुरोधात्मक र टिठलाग्दो बोलीबाट प्रभावित भई 'म' पात्रका रूपमा देखिएका लेखकले सानुकी आमाको समस्या बुझ्नाका निम्ति समय पनि दिन्छन् र त्यो बाटो हिँड्दासम्म आर्थिक सहयोग पनि गरिरहन्छन् । सानु र सानुकी आमाप्रति विशेष सहानुभूति राख्ने लेखक कार्यव्यस्तताका कारण लगातार तीन महिनासम्म सानुकी आमा भएको ठाउँतिर जान सक्दैनन् तर पनि उनले सानु हुर्कँदै गरेको अवस्थाको अनुभूत गरिरहन्छन् । अलि बढी रकम दिएर आर्थिक सहयोग गर्ने मानसिकता बनाई तीन महिनापछि उनीहरू भएको ठाउँमा पुग्दा सानुको मृत्यु भएको खबर थाहा पाउँदाको अवस्थामा लेखक अत्यन्त चिन्तित बन्न पुग्दछन् र आफू किंकर्तव्यविमूढ भएको अनुभूत गर्दै दुःखी हुन पुग्छन् । यस कार्यव्यापारले लेखक सीमान्त वर्ग र समुदायको पक्षमा उभिएको कुरा प्रस्ट हुन्छ । एड्वार्ड सइदको 'बुद्धिजीवीहरू सीमान्त वर्गको पक्षमा उभिनुपर्ने' (श्रेष्ठ, २०६८, पृ. ३८ मा उद्धृत) विचारअनुसार यस कथाका लेखकले वास्तविक बुद्धिजीवीको भूमिका निर्वाह गरेका छन् । यस्तो समस्याको उठान गरी लेखकले एकातिर सीमान्त वर्ग र समुदायलाई सचेत गराउन चाहन्छन् भने अर्कातिर राज्यव्यवस्था, शासक वर्गले आफ्ना नागरिकहरूको अवस्था बुझ्नुपर्ने सुझाव पनि दिन खोजेका छन् । लेखक आफू समाख्याता पात्रको भूमिकामा मात्र आबद्ध भई सानुकी आमालाई केन्द्रीय र दृष्टिविन्दु पात्रको भूमिका प्रदान गरी उनकै माध्यमबाट सीमान्त महिलाहरूको समस्याको उठान गरी त्यस समस्याप्रति सबैको ध्यान आकृष्ट गर्न खोजेका छन् । तसर्थ लेखकीय अभिव्यक्ति पूर्ण रूपले सीमान्त महिलामैत्री रहेको निष्कर्ष प्राप्त हुन्छ । यस सूचकको विश्लेषणले कक्षामा रहेका सीमान्त विद्यार्थीहरूको पहिचान गरी शिक्षण कार्यलाई सीमान्तमैत्री बनाउने कार्यमा शिक्षकलाई मार्गप्रशस्त गर्छ । यस कार्यले सीमान्त विद्यार्थीहरू शैक्षणिक कार्यकलाप र सिकाइको केन्द्र बन्न पुग्छन्, यसबाट उनीहरूको व्यावहारिक जीवनमा समेत सकारात्मक परिवर्तन आउँछ ।

## अध्ययनको शैक्षणिक महत्त्व

सीमान्तीय सचेतताको अध्ययनमा केन्द्रित प्रस्तुत अध्ययनको शैक्षणिक उपादेयता रहेको छ । यस अध्ययनले सूचक निर्माण गरी प्राध्यापकहरूलाई शिक्षण कार्य सहजतापूर्वक सम्पन्न गर्ने, विद्यार्थीहरूमा प्रश्नको समाधान, विश्लेषण, व्याख्या आदिलाई वस्तुपरक, सुगठित र सुलेखनको मान्यताअनुरूप लेखनकला र अभिव्यक्तिकलाको विकास गर्ने, अनुसन्धानकर्ताहरूलाई सीमान्तीय अध्ययनको मौलिक विश्लेषण पद्धति अपनाई साहित्यिक कृति, संस्कृति, सामाजिक गतिविधि, प्राकृतिक अवस्था एवम् मानवीय आचरण र व्यवहारको मूल्याङ्कन गर्ने, साहित्यकारलाई सीमान्तकेन्द्री सचेततायुक्त र लोककल्याणमा निहित साहित्यिक कृतिको सिर्जना गर्ने तथा पाठकहरूलाई विभेदरहित समतामूलक समाजको स्थापनाकेन्द्री आचरण र व्यवहार अवलम्बन गरी संवेदनशील र जवाफदेही बन्नाका निम्ति अभिप्रेरित गर्छ (बरई, २०८०, पृ. ३३०) । यस्तो कार्यमा सघाउने भएकाले यो अध्ययन शैक्षणिक दृष्टिले उपादेयपूर्ण रहने कुरा प्रस्ट हुन्छ । यस अध्ययनले समाजका पीडित र शोषित वर्गलाई विशेष महत्त्व दिई शिक्षण कार्य गर्नुपर्ने विचारसमेत प्रवाहित गर्न खोजेको छ । सुनाइ, बोलाइ, पढाइ र लेखाइ भाषाका प्रमुख सिप हुन् (शर्मा र पौडेल, २०७९, पृ. ८०-२०८) उपर्युक्त सिपहरूका प्रत्येक कार्यकलापमा सीमान्त विद्यार्थीहरूलाई विशेष रणनीतिका साथ सक्रिय ढङ्गले संलग्न गराई उनीहरूलाई उक्त सिपमा सबल तुल्याई उनीहरूको चेतनाको स्तरमा अभिवृद्धि गर्न सकिन्छ । यस कार्यले शिक्षकलाई लैङ्गिक, जातिगत, वर्गगत, क्षमतागत आदि

विविध दृष्टिले किनारीकृत अवस्थामा रहेका विद्यार्थीहरूको केन्द्रीयतामा सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपका विभिन्न कार्यकलाप सम्पन्न गर्ने रणनीतिनिर्माणमा सघाउँछ । यसैको परिणामस्वरूप सीमान्त विद्यार्थीहरू उपर्युक्त सिपगत कार्यकलापमा आफूलाई सक्रियतापूर्वक संलग्न गर्ने अवसर पाउँछन् । यस कार्यले उनीहरूको श्रवणकला, मौखिक अभिव्यक्तिकला, पठनकला र लेखनकलाको विकासमा सघाई उनीहरूको बौद्धिक स्तरमा समेत अभिवृद्धि गर्छ । यस कार्यले सीमान्त समुदायमा सचेतनाको विकास भई समतामूलक समाजको स्थापनामा समेत सकारात्मक भूमिका निर्माण हुन्छ । अतः यस अध्ययनले सीमान्त वर्गको व्यावहारिक जीवनमा सुधार ल्याउनुका साथै शासक र अन्य नागरिकहरूलाई समेत जनहितकारी आचरण र व्यवहार अवलम्बन गर्नेतर्फ अभिप्रेरित गर्ने भएकाले प्रस्तुत अनुसन्धानकार्य शैक्षणिक दृष्टिकोणले महत्त्वपूर्ण रहेको कुरा स्पष्ट हुन्छ ।

### उपयोगिता

साहित्य, समाज र कलाको मूल्याङ्कन गर्ने महत्त्वपूर्ण सैद्धान्तिक पर्याधारका रूपमा स्थापित सीमान्तीयताको सिद्धान्त शिक्षाशास्त्र सङ्कायको स्नातक, स्नातकोत्तर तथा दर्शनाचार्य तहमा समाहित गरिएको छैन । साहित्यिक कृतिको मूल्याङ्कनको मौलिक विश्लेषण पद्धति अपनाउने, सीमान्त वर्ग, समुदाय, समाज, जातजाति, क्षेत्र, देश आदिका समस्यालाई कृतिअध्ययनको मुख्य आधार बनाउने तथा समतामूलक समाजको स्थापनालाई सर्वोपरि महत्त्व दिने यस सिद्धान्तलाई उपर्युक्त तहको पाठ्यक्रममा समाहित गर्नुपर्ने देखिन्छ । पाठ्यक्रममा यस सिद्धान्तको प्रस्तुतिले स्रष्टालाई सीमान्तकेन्द्री साहित्यरचना गर्ने तथा अध्येताहरूलाई साहित्य एवम् समाजको अध्ययन गर्ने मौलिक सिद्धान्तको जानकारी प्रदान गर्ने छ र यस सिद्धान्तबाट प्राध्यापक, विद्यार्थी र अनुसन्धानकर्ता विशेष ढङ्गले लाभान्वित हुने नै छन् । अतः प्रस्तुत सिद्धान्त सम्बद्ध पाठ्यक्रममा समाहित गरी सम्बद्ध पाठ्यक्रमको स्तरवृद्धि गर्नु आवश्यक देखिन्छ ।

## निष्कर्ष

भवानी भिक्षुले सीमान्त समुदायको कारुणिक र अभावग्रस्त जीवनपद्धतिलाई 'एक पैसा' कथाको मुख्य विषय बनाई नेपाली समाज र शासक वर्गको ध्यान लोककल्याणतर्फ केन्द्रित गर्न खोजेका छन् । लैङ्गिकता, जातीयता, वर्गीयता एवम् पारिवारिक, सामाजिक र आर्थिक दृष्टिले किनारीकृतजस्ता सीमान्तसूचक अभिलक्षणयुक्त सुत्केरी महिलाका माध्यमबाट उपर्युक्त तहमा निहित समस्यालाई समाधान गरी समता र समानतायुक्त समाजको स्थापना गर्नुपर्ने विमर्शको प्रस्तुति उक्त कथामा गरिएको छ । यसैगरी प्रस्तुत कथाको कथानकयोजना, पात्रविधान, दृष्टिविन्दु एवम् सारवस्तुको प्रस्तुतीकरण र बोधको माध्यमजस्ता पक्षहरूमा सीमान्त पात्रको सक्रिय, सीमान्त समुदायसँग सम्बद्ध विषयवस्तुलाई यथार्थवादी ढाँचा अपनाई विश्वसनीय तथा सीमान्त पात्रको परिणामगत दयनीय अवस्थाको प्रतिनिधित्व गराई सीमान्त समुदायको समस्यालाई सचेत वर्गले जवाफदेहिता र संवेदनशीलतासाथ उठान गर्नुपर्ने अभिमत प्राप्त हुन्छ । त्यसैगरी आर्थिक सहयोग गर्ने हैसियत भएका व्यक्तिहरूले दीनहीन, अशक्त र कमजोरहरूलाई सहयोग गरी आफू पनि बाँच्ने र अरूलाई पनि बाँच्न दिने तथा गरिब र असहायहरू पनि बाँच्न पाउनुपर्ने सामाजिक वातावरणको निर्माण गर्नुपर्ने विचारको प्रस्तुति पनि उक्त कथामा गरिएको छ ।

'एक पैसा' कथामा सीमान्त पात्रको कारुणिक, निराशायुक्त र विन्तीमूलक अभिव्यक्तिका माध्यमबाट सीमान्त समुदायको समस्याप्रति पाठकको ध्यान आकृष्ट गर्न खोजिएको छ। सीमान्त महिलाको चुनौतीपूर्ण र सङ्घर्षशील जीवनपद्धतिलाई मुख्य विषय बनाई कथाको सिर्जना गर्नुका साथै सीमान्त समुदायप्रति सहानुभूति प्रकट तथा यस्तो समस्याको प्रस्तुतीकरणका माध्यमबाट राज्य, समाज र बुद्धिजीवीहरूको ध्यान किनारीकृत वर्गप्रति केन्द्रित गर्न खोजेका भिक्षुले आफूलाई अवर्जन वर्गको पक्षमा प्रस्तुत गरेको कुरा स्पष्ट हुन्छ। सीमान्तीयताले सीमान्त वर्ग र समुदायको व्यावहारिक जीवन र लोकव्यवहारमा समेत सकारात्मक भूमिका वरण गर्ने भएकाले प्रस्तुत अनुसन्धानकार्य शैक्षणिक दृष्टिकोणले महत्त्वपूर्ण रहेको सार प्राप्त हुन्छ। सीमान्त समुदायलाई मानवअधिकारका साथ जीवनयापन गर्ने सामाजिक वातावरण बनाउँदा र मान्छेले परसेवायुक्त आचरण र व्यवहार अपनाउँदा मात्र मानवीय श्रेष्ठता कायम भई लोकमङ्गल हुने सचेतनासम्बन्धी विचारको सञ्चार यस कथामा गरिएको छ। यस्तो जनहितकारी विचारधारालाई प्रभावान्वितिपूर्ण ढङ्गले पाठकसमक्ष पुऱ्याउने विशिष्ट सिर्जनात्मक सामर्थ्य कथाकार भवानी भिक्षुमा रहेको पाइन्छ। साहित्यकारलाई सीमान्त समुदायको केन्द्रीयतामा साहित्यिक कृतिको रचना, समालोचक र अध्येतालाई सीमान्तीयताको सिद्धान्तका आधारमा साहित्यिक कृतिको अध्ययन एवम् पाठकलाई समतामूलक समाजको स्थापना र लोककल्याणको अवधारणाअनुसारको आचरण र व्यवहार अपनाई मानवजीवनको गरिमा, श्रेष्ठता र सार्थकता सिद्ध गर्ने कार्यमा सघाउने एवम् यस्तो विमर्श व्यक्त गर्ने प्रस्तुत अध्ययन शैक्षणिक प्रयोजनका दृष्टिले औचित्यपूर्ण रहेको सार प्राप्त हुनु नै यस लेखको निष्कर्षात्मक प्राप्ति ठहरिन्छ।

## सन्दर्भसामग्री


उप्रेती, सञ्जीव (२०६९), *सिद्धान्तका कुरा,* (चौथो संस्क.), अक्षर क्रियसन्स।

एटम, नेत्र (२०७४), *सङ्क्षिप्त साहित्यिक शब्दकोश,* नेपाल प्रज्ञा प्रतिष्ठान।

गौतम, कृष्ण (२०७५), *मार्क्सवाददेखि उत्तरमार्क्सवादसम्म,* भृकुटी एकेडेमिक पब्लिकेसन्स।

ग्रेवाल, ओमप्रकाश (२०७६), 'विचारधारा र साहित्यको अन्तर्सम्बन्ध', *मार्क्सवादी साहित्यचिन्तन,* ( निनु चापागाईं, सम्पा. र अनु.), साझा प्रकाशन।

पाण्डे, ज्ञानु (२०६९), *नेपाली उपन्यासमा लैङ्गिकता,* नेपाल प्रज्ञा प्रतिष्ठान।

पाण्डेय, ताराकान्त (२०७३), *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र,* साझा प्रकाशन।

बरई, त्रिभुवन (सन् २०२३), 'अनुराधा उपन्यासमा लैङ्गिकता', त्रिभुवन युनिभर्सिटी जर्नल, *३८* (१), १७०-१८३। https://doi.org/10.3126/tuj.v38i01.56215.

बरई, त्रिभुवन (२०८०), *भवानी भिक्षुका कथामा दृष्टिबिन्दु,* [अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध] त्रिभुवन विश्वविद्यालय।

बराल, ऋषिराज (२०७३), *मार्क्सवाद र सबाल्टर्न अध्ययन,* साझा प्रकाशन।

भट्टराई, रमेशप्रसाद (२०७०), 'सांस्कृतिक अध्ययनका मूलभूत सिद्धान्तहरू', *भृकुटी* (सांस्कृतिक अध्ययन विशेषाङ्क), भाग १९, पृ. ३३५-३६४ ।

भिक्षु, भवानी (२०३४), *अवान्तर,* साझा प्रकाशन ।

रामप्रकाश (सन् १९९४), *भारतीय काव्यशास्त्र,* विद्याविहार ।

शर्मा, केदार प्रसाद र पौडेल, माधव प्रसाद (२०७९), *नेपाली भाषाशिक्षणका सन्दर्भहरू,* विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, मोहनराज (२०७०), 'अवरजन अध्ययन र साहित्य', *भृकुटी* (भाग १९ : सांस्कृतिक अध्ययन विशेषाङ्क), भाग १९, पृ. ३१५-२२५ ।

शर्मा, मोहनराज (२०७८), *समालोचनाका नयाँ कोण,* ओरिएन्टल पब्लिकेसन हाउस ।

श्रेष्ठ, तारालाल (२०६८), *शक्ति, स्रष्टा र सबाल्टर्न,* डिस्कोर्स पब्लिकेसन ।

श्रेष्ठ, दयाराम (२०६६), *अभिनव कथाशास्त्र,* पालुवा प्रकाशन प्रालि ।

सुवेदी, अभि (२०७६), 'सांस्कृतिक समालोचनाको सैद्धान्तिक स्वरूप', राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम (सम्पा.), *रत्न बृहत् नेपाली समालोचना : सैद्धान्तिक खण्ड* (पृपृ. १२५–१३९), रत्न पुस्तक भण्डार ।

सुवेदी, राजेन्द्र. (२०६८), 'समसामयिक नेपाली उपन्यास : सांस्कृतिक अध्ययन', राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम, (सम्पा.) *रत्न बृहत् नेपाली समालोचना* : प्रायोगिक खण्ड, (पृपृ. १९४–२२१), रत्न पुस्तक भण्डार ।

Bhasin, K. (2000). *Understanding gender.* Paul press.

Pilcher, J. & Wheleham, I. (2004). *50 Key concepts in gender studies.* Saje publications.

Spivak, G. C. (2005). Can the subaltern speak. In P. Williams & L. Chrishman (eds.). *Colonial discourse and post colonial theory* (pp. 66, 111). Columbia university press.

Spivak, G. C. (2007). Femnism and critical theory. In Lodge & N. Wood (eds.). *Modern criticism and theory* (pp. 493-511). Person India Education Services Pvt Ltd.